नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

मुद्दा-: अभद्र व्यवहार।

मि.नं.-५१२ दायर मिति-: २०८१/०१/१६

फैसला मिति- २०८१/०२/१७

वादी

प्रमोद कुमार गुसाको जाहेरीले

नेपाल सरकार.........................१

प्रतिवादी

जिल्ला पर्सा वीरगंज १६ बस्ने विक्रम कुर्मीको छोरा

वर्ष २० को गणेश कुमार पटेल .........१

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

तथ्य-खण्ड

१. प्रतिवादीलाई सोधपुछ गर्दा जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त ।
२. सोधपुछ गर्दा जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. सोधपुछ गरेकोले जाहेरवालालाई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै अभद्र ब्यवहार गरेको पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज ।
४. जाहेरवालालाई अभद्र व्यहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका शेख तुफान समेतको घटनाविवरण कागज ।
५. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिति बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र ।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र ।

ठहर-खण्ड

यसमा मिति २०८०।१२।२७ गते अ.१९:३० बजेको समयमा जिल्ला पर्सा बीरगंज म.न.पा.वडा नं.१६ स्थित सडकमा मैले लगाएको सर्टको खल्तीबाट मोबाईल चोरी भएकोले मेरो नजिकै उभिएका प्रतिवादी गणेश कुमार पटेलसँग सोधपुछ गर्दा निजले आवेशमा आई अपशब्द प्रयोग गरी गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का , सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी गणेश कुमार पटेललाई कैद दिन १ महिना ३ दिन र जरिवाना रु. ५०००/- अक्षरेपी पाँच हजार मात्र गर्ने । अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी गणेश कुमार पटेल लाई ठहरेको कैद दिन १ महिना ३ दिन को हकमा निज मिति २०८०-१२-२७ देखि २०८१-०१-२९ सम्म हिरासतमा र कारागारमा बसी भुक्तान गरिसकेको र जरिवानाको हकमा र.नं.५४४/२०८१/०१/३० बाट दाखिला गरेको धरौटी रकम रु.५०००/- बाट जरीवाना रु.५०००/- कट्टी गर्नु ------------------------------------------------------------------------------- १

२.प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु------------------१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु-------------------------------------१

दिनेश सागर भुसाल
प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ जेष्ठ महिना १७ गते विहीवार रोज ५/ ने.सं. ११४४ बछलागा सप्तमी,शुभम् .......